**Deprosc Laghubitta Bittiya Sanstha Limited**
**Bharatpur, Chitwan**
**Phone. 056527900, Fax 056523056**
Unaudited Financial Result (Quarterly)
As at 3rd Quarter (2076/12/30) of Fiscal Year 2076/077

| S.N. | Particulars | This Quarter Ending (Chaitra end 2076) | Previous Quarter Ending (Paush end 2076) | Corresponding Previous Year Quarter Ending (Chaitra end 2075) |
|---|---|---|---|---|
| 1 | **Total Capital & Liabilities** | **13,767,926,475.88** | **14,404,701,255.66** | **11,290,638,479.40** |
| 1.1 | Paid-up Capital | 1,005,433,574.51 | 1,005,433,574.51 | 773,410,441.93 |
| 1.2 | Reserve & Surplus | 823,872,377.48 | 808,998,796.74 | 642,812,160.70 |
| 1.3 | Debenture & Bond | - | - | - |
| 1.4 | Borrowings | 6,653,604,614.14 | 7,363,779,469.56 | 6,062,066,656.19 |
| **1.5** | **Deposit** | **4,895,953,115.55** | **4,575,594,828.45** | **3,343,121,344.82** |
| 1.5.1 | Group | 4,895,953,115.55 | 4,575,594,828.45 | 3,343,121,344.82 |
| 1.5.2 | General Public | - | - | - |
| 1.6 | Income Tax Liabilities | - | 105,820,767.38 | - |
| 1.7 | Other Liabilities | 389,062,794.20 | 545,073,819.02 | 469,227,875.76 |
| 2 | **Total Assets** | **13,767,926,475.88** | **14,404,701,255.66** | **11,290,638,479.40** |
| 2.1. | Cash & Bank Balance | 451,035,022.63 | 1,032,844,290.80 | 201,614,613.97 |
| 2.2 | Money at Call & Short Notice | 58,948,302.84 | 672,643,799.39 | 61,751,658.83 |
| 2.3 | Investments | 740,710,000.00 | 2,010,000.00 | 2,010,000.00 |
| 2.4 | Loans & Advances | 12,068,144,028.94 | 12,140,570,941.43 | 10,630,795,375.43 |
| 2.5 | Fixed Assets | 44,245,599.33 | 43,116,828.55 | 32,946,779.01 |
| 2.6 | Non-banking Assets | - | - | - |
| 2.7 | Other Assets | 404,843,522.14 | 513,515,395.49 | 361,520,052.16 |
| **3** | **Profit** | **This Quarter Ending** | **Previous Quarter Ending** | **Corresponding Previous Quarter Ending** |
| 3.1 | Interest Income | 1,504,111,937.68 | 1,099,348,548.39 | 1,162,868,640.26 |
| 3.2 | Interest Expense | 836,418,731.60 | 556,438,634.41 | 578,839,120.98 |
| | **A.Net Interest Income** | **667,693,206.08** | **542,909,913.98** | **584,029,519.28** |
| 3.3 | Fees, Commission & Discount | - | - | - |
| 3.4 | Other Operating Income | 170,765,377.02 | 125,317,326.70 | 182,787,324.93 |
| | **B. Total Operating Income** | **838,458,583.10** | **668,227,240.68** | **766,816,844.21** |
| 3.6 | Staff Expenses | 280,539,567.29 | 183,894,549.10 | 191,490,157.63 |
| 3.7 | Other Operating Expenses | 75,820,777.26 | 43,971,052.05 | 71,279,294.22 |
| | **C. Operating Profit Before Provision** | **482,098,238.55** | **440,361,639.53** | **504,047,392.36** |
| 3.8 | Provision for Possible Loss | 220,067,524.35 | 144,105,759.55 | 116,803,440.40 |
| | **D. Operating Profit** | **262,030,714.20** | **296,255,879.98** | **387,243,951.96** |
| 3.9 | Non-operating Income/(expenses | (16,842,582.18) | (11,148,446.38) | - |
| 3.10 | Write Back of Provision for Possible Loss | 170,069,468.31 | 102,972,324.35 | 64,063,731.00 |
| | **E. Profit from Regular Activities** | **415,257,600.33** | **388,079,757.95** | **451,307,682.96** |
| 3.11 | Extra Ordinary Income/Expenses (Net) | (20,618.72) | (70,277.54) | 98,723.00 |
| | **F. Profit Before Bonus & Taxes** | **415,236,981.61** | **388,009,480.41** | **451,406,405.96** |
| 3.12 | Provision for Staff Bonus | 37,748,816.51 | 35,273,589.13 | 41,036,946.00 |
| 3.13 | Provision for Tax | 113,246,449.53 | 105,820,767.38 | 123,110,838.00 |
| | **G.Net Profit/Loss** | **264,241,715.57** | **246,915,123.90** | **287,258,621.96** |
| 4 | **Ratios** | **At the End of This Quarter** | **At the end of Previous Quarter** | **At the end of Previous Corresponding Quarter** |
| 4.1 | Capital Fund to RWA | 11.76 | 12.26 | 12.99 |
| 4.2 | Non-Performing Loan to Total Loan | 2.58 | 1.73 | 0.88 |
| 4.3 | Total Loan Loss Provision to NPL | 57.31 | 80.60 | 187.20 |
| 4.4 | Cost of Funds | 9.88 | 9.88 | 9.37 |
| 4.5 | Deposit to Credit Ratio | 39.97 | 37.16 | 30.93 |

Note: The above financial statement is subject to change from Statutory Audit & Supervisory Authority.

**Interest Rate**

*Against Member Savings - 8% to 9.25 %* *Against Loan & Advances- 10 % to 18 %*

**(नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम दलित, मुक्त कमैया, वादी, हलिया, द्वन्दपिडित, एकल महिला, अपाङ्ग तथा जेष्ठ नागरिकहरूलाई लगानी गरिएको कर्जामा १ प्रतिशत ब्याजदरले सहुलियत दिने र NFRS अनुसार बित्तीय विवरण तयार गरेको राष्ट्रियस्तरको लघुवित्त वित्तीय संस्था)**

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ नियम २६ उप विनियम (१)संग सम्बन्धित अनुसुची १४ बमोजिमको**
**डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडको आ.व. २०७६/०७७ को तेश्रो त्रैमासिक विवरण**

१. **प्रमुख वित्तीय बिवरण :**

**क. त्रैमासिक अवधिको वासलात, नाफा-नोक्सान हिसाब सम्बन्धी बिवरणः** यस वित्तीय संस्थाको वासलात, नाफा-नोक्सान सम्बन्धी विवरण यसैसाथ प्रकाशित गरिएको छ। उक्त वित्तीय विवरणमा कोरोनाले पारेको प्रभाव सहितको वास्तविक कर्जा नोक्सानी व्यवस्था कायम गरिएको छ ।

**ख. न्यूनतम रूपमा प्रमुख वित्तीय अनुपातहरू गत आ.व. को सोही अवधिको तुलनामा निम्न बमोजिम रहेको छ ।**

| प्रति शेयर आम्दानी ( वार्षिकिरण) रू | प्रति शेयर बजार मूल्य रू | मुल्य आम्दानी अनुपात (गुणा) | प्रति शेयर खुद किताबी मुल्य रू | प्रति शेयर कुल सम्पत्तिको मुल्य रू | तरलता अनुपात प्रतिशत |
|---|---|---|---|---|---|
| ३५।०४ | ७५९।०० | २१।६६ | १६३।९४ | १,३६९।३५ | १०।४२ |

२. **व्यवस्थापकीय बिश्लेषण :**

**क. त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरणः** वित्तीय संस्थाको ब्यवसायिक योजना तथा लक्ष्य अनुरूप प्रगति हुन सकिरहेको छैन । संस्थाको तरलतामा गत त्रैमासको तुलनामा यस त्रैमासमा उल्लेख्य ब्यवस्थापन भएको छ । गत आ.व. को सोही अवधिको खुद मुनाफाको तुलनामा समीक्षा अवधिको खुद मुनाफामा तुलनात्मक कमी भएको छ । वित्तीय संस्थाले गत त्रैमाससम्म देशका ७१ वटा जिल्लाहरूमा ११९ शाखा कार्यालयहरू खोली सो मार्फत लघुवित्त सेवा प्रदान गरिरहेकोमा यस त्रैमासमा साविकका जिल्लाहरूमा थप ४ शाखा कार्यालयहरू स्थापना गरेको छ । कोरोना महामारीको प्रत्यक्ष गहिरो असर लघुवित्त क्षेत्रमा पर्न गएको छ । कोभिड १९ कोरोना भाइरस नियन्त्रणको लागि गरिएको बन्दाबन्दीको प्रभावको कारण यस त्रैमासमामात्र पा.प. ब्याजमा १३ करोडले बृद्धि भएको छ । केन्द्र संचालन गर्न नसकिएको यस अवस्थामा निष्कृय कर्जा २.५८ प्रतिशत पुगेको अवस्था छ । बन्दाबन्दी शुरू भए यताका कुनै पनि केन्द्र नचलेका र मासिक रूपमा असुल हुनु पर्ने कर्जाहरू आम रूपमा असुल उपर भएका छैनन् । यस परिस्थितिमा वित्तीय संस्थाले सुरक्षाका उपायहरू अवलम्बन गर्दै आफ्ना अधिकांश कार्यालयहरू सुचारू गरी सदस्यहरूसंग सम्पर्क कायम गरिरहेको छ । साथै, यस संस्थाले २०७५ माघ १ गते पश्चात लगानी गरिएका सबै कर्जाहरूको कर्जा सुरक्षण कोषबाट सुरक्षण गर्दै आएको छ । जसबाट जम्मा लगानीमध्ये यस त्रैमासको अन्त्यमा करिव रू १०९५ करोड लगानी सुरक्षण गरिएको र उक्त सुरक्षणमा कुनै पनि कारणले भाखा नाघेको कर्जा समेत समाबेश गरिएको छ । यस परिस्थितिमा ब्यवस्थापनको प्राथमिकता लक्ष्य अनुसार प्रगति गर्नु भन्दा पनि कर्जाको गुणस्तर सुधार गरी आफ्ना सेवा केन्द्रहरूको नियमित संचालन प्रधान हुन गएको छ ।

**ख. आगामी अवधिको ब्यवसायिक योजना सम्बन्धमा ब्यवस्थापनको विश्लेषणात्मक विवरण** :संचालनमा रहेका लघुवित्त वित्तीय संस्थाहरूलाई प्राप्ति तथा मर्जर गरी संस्थाको कार्यक्षेत्र र कार्यक्रमलाई बिस्तार गर्ने संस्थाको नीति बमोजिम संचालकको संयोजकत्वमा चार सदस्यीय मर्जर तथा प्राप्ति समिति गठन गरिएको छ । वित्तीय स्रोतमा आत्मनिर्भरता बढाउन सदस्यहरूबाट वचत परिचालन गर्ने नीतिलाई अझ बढी प्रभावकारी बनाईनेछ। शाखा कार्यालयहरूबाट सदस्यहरूलाई क्रमश Tablet Banking मार्फत सेवा प्रदान गर्दै लगिनेछ । आन्तरिक तथा बाह्य श्रोतहरूको परिचालन तथा सहकार्यमा यस संस्थासंग आबद्ध सदस्यहरूको जीवनस्तर उकास्ने उद्देश्यले विशेष समुह र समुदाय लक्षित कार्यक्रमहरू संचालन गरिने छ भने कर्मचारीहरूको संस्थाप्रति अपनत्व अभिबृद्धि गर्न वृत्ति विकासका बिभिन्न कार्यहरू गरिनेछ ।

चालु आ.व. को यस त्रैमासको अन्त्य सम्ममा वित्तीय संस्थाले हासिल गरेको प्रगति निम्नानुसार रहेको छ ।

| बिवरण | गत आ.व. (०७५।०७६) | चालु आ.व.२०७६।०७७ | |
|---|---|---|---|
| | आषाढ मसान्त | चैत्र मसान्त | प्रगति प्रतिशत |
| कुल सदस्य संख्या | २,००,५६२ | २,१०,२५१ | ४।८३ |
| बांकी सांवा(रू.हजारमा) | ११,९६,८१,४९ | १२,२४,९१,३८ | २।३५ |
| कुल बचत(रू.हजारमा) | ३,८२,४७,९१ | ४,८९,५९,५३ | २८।०१ |

**ग.बिगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक बिवरण** : बाणिज्य बैंकहरूले आधार दरमा प्रिमियम जोडी लघुवित्त संस्थाहरूलाई थोक कर्जा उपलब्ध गराउने अवस्थामा सुधार नभएको र बजारमा तरलताको सहज भएता पनि कोषको लागत दर सहज हुन सकेको छैन। कोष लागत बढ्नेक्रममा यस त्रैमासमा स्थिरता आएको छ । पछिल्लो समयमा एकै कार्यक्षेत्रमा बहुसंख्यक लघुवित्त सेवा प्रदायकहरूको उपस्थितिले सदस्यहरू बिच कर्जाको दोहोरोपना बढ्न गई कार्यक्रमको गुणस्तरमा दिनानुदिन ह्रास आउने कारणहरूले संस्थालाई असर पार्न सक्छ । साथै आगमी दिनहरूमा कोभिड १९ को असरलाई मध्यनरजर गर्दै नियमनकारी निकायहरूले तय गर्ने नीति निर्देशनहरूले समेत संस्थाको आर्थिक अवस्थालाई असर पार्न सक्नेछ ।

३. **कानुनी कारवाही सम्बन्धी बिवरण** : समिक्षा अवधिमा संस्थाले कसै बिरूद्द मुद्दा दायर गरेको छैन र संस्था बिरूद्द पनि कसैले मद्दा दायर गरेको जानकारी प्राप्त गरेको छैन ।

४. **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी बिश्लेषण :**

**क. धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोवार सम्बन्धमा ब्यवस्थापनको धारणा** : यस वित्तीय संस्थाको शेयर कारोवारमा समय समयमा उतार चढाव देखिए तापनि धितोपत्र बजारको हालको अवस्थामा शेयरको कारोवार सन्तोषजनक रहेको छ।

**ख. त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम , अन्तिम मूल्य, कारोवार भएको कूल दिन तथा कारोवार संख्याः** यस त्रैमासिक अवधिको शेयरको अधिकतम, न्युनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन र कारोवार संख्या निम्न बमोजिम छ । *( नेपाल स्टक एक्सचेन्जको वेबसाईटमा आधारित)*

| अधिकतम मूल्य | न्युनतम मूल्य | अन्तिम मूल्य | कारोवार दिन | कारोवार संख्या | शेयर संख्या |
|---|---|---|---|---|---|
| रू १,१००।०० | रू. ७२३।०० | रू. ७५९।०० | ४६ | ८,५२६ | १०,६०,९२५ |

५. **समस्या तथा चुनौती :**

**क.** कोरोना महामारीले (कोभिड १९) लघुवित्त क्षेत्रमा पार्ने दिर्घकालीन प्रभाव,
**ख.** संख्यात्मक रूपमा बृद्धि भएको लघुवित्त संस्थाहरूको शाखा बिस्तारसंगै बढ्ने सदस्यहरूको दोहोरोपना
**ग.** उच्च कोष लागत,
**घ.** नियमनकारी निकायबाट अप्रत्यासितरूपमा हुन सक्ने नीतिगत परिवर्तन र सो बाट सिर्जित हुन सक्ने समस्या तथा चुनौती,
**ङ.** दक्ष जनशक्तिको अभाव तथा कर्मचारीहरूबाट सेवाको परित्याग,
**च.** कमजोर भौतिक पुर्वाधार
**छ.** अप्रत्यासित रूपमा सृजना हुनसक्ने प्रतिकुल अवस्था, आदि।

६. **संस्थागत सुशासनः** संस्थागत सुशासनका लागि कम्पनीको संचालक समिति, लेखापरीक्षण समिति, जोखिम ब्यवस्थापन समिति कर्मचारी सेवा सुबिधा समिति, सम्पति शुद्धीकरण अनुगमन समिति, सम्पत्ति दायित्व ब्यवस्थापन समिति, कर्मचारी पदपुर्ति समिति, कर्जा असुली इकाई लगायत बिभिन्न आन्तरिक समिति तथा उप-समितिहरू मार्फत ब्यवसायिक योजना तथा कार्यक्रमको तर्जुमा गरी सोही बमोजिम कार्य सम्पादन गर्ने/गराउने, सम्पादन गरिएका कार्यहरूको मुल्याँकन गर्ने र सोको समीक्षाको आधारमा उपयुक्त रणनीति अवलम्बन गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

नेपाल राष्ट्र बैंकबाट लघुवित्त संस्थाहरूलाई जारी गरिएको निर्देशनहरूको साथै बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कम्पनी ऐन २०६३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३ लगायत अन्य सम्बन्धित ऐन र कानुनको अनुपालना गरिनुका साथै आवश्यकता अनुसार संस्थाको कार्यक्रमलाई सबल र सक्षम बनाउन आवश्यक नीति नियमहरू बनाई लागू गरिएको छ ।

७. **सत्य तथ्यताको सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषणः** यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा बिवरणहरूको शुद्धताको सम्बन्धमा म ब्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोषण गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित बिवरणहरू सत्य, तथ्य र पूर्ण हुनुका साथै लगानीकर्ताहरूलाई सुसूचित भई निर्णय लिन आवश्यक कुनै बिवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।